# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, भदौ २६ गते, २०७४ साल (अतिरिक्ताङ्क १८

## भाग ३

### निर्वाचन आयोगको सूचना

#### सूचना–१

निर्वाचन आयोगले संवत् २०७४ साल मङसिर १० र २१ गते हुने पहिलो चरण र दोस्रो चरणको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ अनुसार समानुपातिक निर्वाचन प्रणाली तर्फको देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो संशोधित निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १. | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन राजनीतिक दलहरुले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशित गर्ने | २०७४।५।२४ | २०७४।५।२४ | | | |
| २. | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन चाहने राजनीतिक दलहरुले निवेदन पेश गर्ने | २०७४।५।२५ | २०७४।५।२७ | १०.०० | १७.०० | समानुपातिक निर्वाचनको निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं |
| ३. | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरुको नामावली प्रकाशन गर्ने | २०७४।५।२८ | २०७४।५।२८ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ४. | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरुले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०७४।५।२९ | २०७४।५।२९ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ५. | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०७४।५।३० | २०७४।५।३० | १०.०० | १७.०० | ऐ. ऐ. |
| ६. | राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०७४।६।२९ | २०७४।६।२९ | १०.०० | १७.०० | ऐ. ऐ. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | उम्मेदवारको बन्दसूची सच्याउन राजनीतिक दलहरुलाई सूचित गर्ने | २०७४।६।३० | २०७४।७।५ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ८. | राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०७४।७।६ | २०७४।७।१२ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ९. | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०७४।७।१३ | २०७४।७।१३ | १०.०० | १७.०० | ऐ. ऐ. |
| १०. | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने । उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनित उम्मेदवारको नामावली आयोगमा पेश गर्ने | २०७४।७।१४ | २०७४।७।१५ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ११. | उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने | २०७४।७।१७ | २०७४।७।१७ | १०.०० | १७.०० | ऐ. ऐ. |
| १२. | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा | २०७४।७।१८ | २०७४।७।२४ | १०.०० | १७.०० | ऐ. ऐ. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दाबी विरोध गर्न निवेदन दिने | | | | | |
| १३. | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दाबी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०७४।७।२५ | २०७४।८।१ | १०.०० | १७.०० | ऐ. ऐ. |
| १४. | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०७४।८।२ | २०७४।८।२ | १०.०० | १२.०० | ऐ. ऐ. |
| १५. | उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने | २०७४।८।३ | २०७४।८।३ | १०.०० | १२.०० | ऐ. ऐ. |
| १६. | मतदान गर्ने | २०७४।८।१० र २०७४।८।२१ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

**द्रष्टव्य :**

१. प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलले उम्मेदवारको बन्दसूची अनिवार्य रुपमा निर्वाचन कार्यक्रममा तोकिएको मिति भित्र निर्वाचन आयोगमा रहेको समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन अधिकृतको कार्यालयमा पेश गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. राजनीतिक दलले प्रकरण १. बमोजिमको बन्दसूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि र प्रदेश सभा सदस्य निर्वाचनका लागि अलग अलग सूची पेश गर्नु पर्नेछ ।

३. राजनीतिक दलले प्रदेश सभा सदस्य निर्वाचनका लागि उम्मेदवारको बन्दसूची पेश गर्दा आफूले भाग लिने प्रत्येक प्रदेशका लागि अलग अलग बन्दसूची पेश गर्नु पर्नेछ ।

४. राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम र प्रदेश सभा सदस्य निर्वाचनका लागि प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम तयार गरी पेश गर्नु पर्नेछ ।

५. निर्वाचन कार्यक्रमको क्र.स. ६ बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दललाई बन्दसूची दर्ता भएको निस्सा उपलब्ध गराईनेछ । त्यस्तो निस्सा उपलब्ध गराउँदा बन्दसूची सच्याउनु पर्ने वा नपर्नेबारे यकीन गर्न सम्पर्क राख्न आउने मिति समेत उल्लेख गरिनेछ । सम्पर्क राख्न आउने मिति तोकिएकोमा सम्बन्धित राजनीतिक दलले उक्त मितिमा अनिवार्य रूपमा सम्पर्क राखी बन्दसूची सच्याउनु पर्ने भएमा सो बारेको पत्र बुझी लिनु पर्नेछ ।

६. प्रकरण ५ (निर्वाचन कार्यक्रमको क्र.स.७) बमोजिम उम्मेदवारको बन्दसूची सच्याउन राजनीतिक दललाई सूचित गरिएकोमा सम्बन्धित राजनीतिक दलले त्यस्तो सूचना प्राप्त गरेको ७ (सात) दिनभित्र बन्दसूची सच्याई पेश गर्नु पर्नेछ ।

७. प्रतिनिधि सभाको हकमा देशभरका सबै निर्वाचन अधिकृतबाट मतगणनाको विवरण प्राप्त गरी राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको आधारमा बन्दसूचीमा सूचीकृत उम्मेदवारहरूमध्येबाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. प्रदेश सभा सदस्य निर्वाचनको हकमा सम्बन्धित प्रदेशका सबै निर्वाचन अधिकृतबाट मतगणनाको विवरण प्राप्त गरी प्रत्येक प्रदेशमा राजनीतिक दलले प्राप्त गरेको कूल सदर मतको आधारमा सम्बन्धित प्रदेशका लागि बन्दसूचीमा सूचीकृत उम्मेदवारहरूमध्येबाट प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ ।

९. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतगणना सम्पन्न भएपछि मात्र सम्बद्ध निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतले समानुपातिकतर्फको मतगणना कार्य सुरु गर्नु पर्नेछ ।

१०. समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश गरेको उम्मेदवारलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनमा उम्मेदवार मनोनयन गर्न पाइने छैन ।

## सूचना–२

निर्वाचन आयोगले संवत् २०७४ साल मङसिर १० गते पहिलो चरणमा हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको संशोधित निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो संशोधित कार्यक्रमको सूचना प्रकाशन गरिएको छ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत पहिलो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम**

| क.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।७।५ | २०७४।७।५ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।७।५ | २०७४।७।५ | १७.०० | १८.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको बिरोधमा उजुरी दिने | २०७४।७।६ | २०७४।७।६ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र र उजूरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।७।७ | २०७४।७।७ | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।७।७ | २०७४।७।७ | १५.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७४।७।८ | २०७४।७।८ | १०.०० | १३.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।७।८ | २०७४।७।८ | १३.०० | १५.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान | २०७४।७।८ | २०७४।७।८ | १५.०० | १८.०० | ऐ. ऐ. | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | | |
| ९. | मतदान गर्ने | २०७४।८।१० | २०७४।८।१० | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

द्रष्टव्य :

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी २०७४।८।२१ गते अपराह्न ५.०० बजेपछि मतगणना कार्य शुरू गरिनेछ । मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

२. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन पाउने छैन ।

## सूचना–३

निर्वाचन आयोगले संवत् २०७४ साल मङसिर २१ गते दोस्रो चरणमा हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको संशोधित निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) र प्रदेश सभा सदस्य

निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो संशोधित कार्यक्रमको सूचना प्रकाशन गरिएको छ :-

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम**

| क्र.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।७।१६ | २०७४।७।१६ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।७।१६ | २०७४।७।१६ | १७.०० | १८.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको बिरोधमा उजूरी दिने | २०७४।७।१७ | २०७४।७।१७ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र र उजूरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।७।१८ | २०७४।७।१८ | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।७।१८ | २०७४।७।१८ | १५.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७४।७।१९ | २०७४।७।१९ | १०.०० | १३.०० | ऐ. ऐ. | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।७।१९ | २०७४।७।१९ | १३.०० | १५.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७४।७।१९ | २०७४।७।१९ | १५.०० | १८.०० | ऐ. ऐ. | |
| ९. | मतदान गर्ने | २०७४।८।२१ | २०७४।८।२१ | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

द्रष्टव्य :

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ र मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

२. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन पाउने छैन ।

**आज्ञाले,**
**(बेगेन्द्रराज शर्मा पौड्याल)**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।